प्रदेश सरकार

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश नं. १

विराटनगर (नेपाल)

उप-सचिव

पत्र संख्या :
चलानी नं. :

## "सामुदायिक मा. वि. मा विज्ञान प्रयोगशाला स्थापना सहयोगका लागि प्रदान गरिने आर्थिक अनुदान" सम्बन्धमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको सूचना

प्रथम पटक प्रकाशित मितिः- २०७६/१०/०१

यस मन्त्रालयको चालु आर्थिक वर्ष २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको **"सामुदायिक मा. वि. मा विज्ञान प्रयोगशाला स्थापना सहयोग कार्यक्रम"** संचालन गर्नको लागि प्रदेश नं. १ मा रहेका सामुदायिक माध्यमिक विद्यालयहरुबाट आवश्यक कागजात सहित प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस मन्त्रालयमा प्रस्ताव सहितको निवेदन पेश गर्न हुन सम्वन्धित सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>प्रस्ताव आधार एवं निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु तथा शर्तहरु</u>

क) माध्यमिक तहका सामुदायिक विद्यालय हुनुपर्ने,

ख) तालिम प्राप्त विज्ञान शिक्षकको उपलब्धता प्रमाणित गर्ने कागजात हुनुपर्ने,

ग) विद्यालयको आफ्नै भवन रही सुरक्षाको राम्रो प्रवन्ध भएको,

घ) विद्यालय व्यवस्थापन समितिको प्रतिवद्धता सहितको निर्णयको प्रतिलिपी ,

ङ) विद्यालयको भौतिक अवस्था र भौगोलिक क्षेत्र समेत प्रमाणित हुने गरी स्थानीय तहले गरेको सिफारिस पत्र,

च) विद्यालयले पछिल्लो शैक्षिक सत्रको लेखापरीक्षण प्रतिवेदन तोकिएको समयमा सम्पन्न गराएको लेखापरीक्षण प्रतिवेदन,

छ) विद्यालयले पछिल्लो वर्षमा विद्यार्थीलाई SEE मा सहभागी गराएको संख्या तथा सहभागी विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्क (GPA) को विवरण खुल्ने कागजात,

ज) कूल परियोजना प्रस्तावको कम्तिमा १०% लागत सम्वन्धित विद्यालयले ब्यहोर्ने प्रतिवद्धता सहितको विज्ञान प्रयोगशाला स्थापनाको स्वीकृत लागत इष्टिमेट ।

झ) मन्त्रालय वा संघीय निकाय वा स्थानीय तहबाट एकपटक अनुदान उपलब्ध गराइएको विद्यालयलाई अनुदान उपलब्ध नगराइने । त्यस्ता विद्यालयहरुले प्रस्ताव पेश गरे तापनि मूल्याङ्कनमा समावेश नगराइने साथसाथै सम्झौता गरीसके पश्चात समेत विज्ञान प्रयोगशाला स्थापनाको लागि अन्य निकायबाट अनुदान लिएको पुष्टि भएमा सो सम्झौता समेत मन्त्रालयबाट तत्काल रद्द गरिनेछ ।

ञ) पहिलो चरणमा स्वीकृत मूल्याङ्कनको मापदण्ड बमोजिम जिल्लागत रुपमा प्रतिष्पर्धा गराई कम्तिमा एउटा जिल्लाबाट एक सामुदायिक विद्यालय पर्ने गरी १४ वटा सामुदायिक विद्यालयलाई छनौट गरिनेछ र पहिलो चरणमा १४ वटा जिल्ला समावेश हुन नसकेमा बाँकी रहेका विद्यालयहरुको प्रस्तावलाई दोस्रो चरणको मूल्याङ्कनमा समावेश गराई स्वीकृत मूल्याङ्कनको मापदण्ड बमोजिम तुलनात्मक रुपमा प्रस्ताव बमोजिम अधिकतम् अंक प्राप्त गर्ने सामुदायिक माध्यमिक विद्यालयहरुलाई यो कार्यक्रमको लागि छनौट गरिनेछ।

ट) छानिएका २८ वटा सामुदायिक माध्यमिक विद्यालयलाई मन्त्रालयको तर्फबाट अनुदान स्वरुप अधिकतम् रु ९,८०,०००।- (नौ लाख असि हजार मात्र) उपलब्ध गराइनेछ जसबाट १ थान कम्प्यूटर (डेक्सटप, प्रिन्टर), शिक्षणका लागि प्रयोग हुने स्मार्ट टेलिभिजन, विज्ञान प्रयोगशालाका लागि आवश्यक उपकरण, औजार सामग्री र रसायनहरु खरीद गर्न सकिनेछ । साथै प्रयोगशालालाई आवश्यक पर्ने फर्निचर खरीद गर्नुपर्दा स्वीकृत लागत इष्टिमेटको बढीमा २० प्रतिशत मात्र खर्च गर्न पाइनेछ ।

ठ) सामुदायिक माध्यमिक विद्यालयहरुले अनुदान प्राप्त गर्न मन्त्रालयको अनुदान तथा सहयोग सम्वन्धी कार्यविधि, २०७६ को अनुसूची-३ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी माथी उल्लेख गरिएका कागजातहरु संलग्न गरी अनुसूची-२ बमोजिमको निवेदनको ढाँचामा तोकिएको अवधिभित्र मन्त्रालयमा सिलवन्दी प्रस्ताव पेश गरेको हुनुपर्नेछ ।

**द्रष्टब्यः** उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको अनुदान तथा सहयोग सम्वन्धी कार्यविधि, २०७६ यस मन्त्रालयको वेभसाईट http://moitfe.p1.gov.np मा हेर्न वा तल दिईएको यस मन्त्रालयको QR Code स्क्यान गरि थप जानकारी लिन सकिने छ।

**प्रस्ताव पेश गर्ने समय सीमाः**
२०७६ माघ १५ गते कार्यालय समय भित्र